# गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका

आ.व. २०८२/८३

आठराई त्रिवेणी गाउँपालिका

हाङपाङ, ताप्लेजुङ

Scanned with OKEN Scanner

गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, २०८२

नेपालको संविधान २०७२ ले दिएको अधिकारलाई सार्थक तुल्याउन गाँउपालिकामा प्राप्त संघ र प्रदेश सरकार प्राप्त अनुदान र गाँउपालिकाबाट विनियोजित आन्तरिक श्रोतको रकम को शिक्षा शाखाले तयार गरी पेश गरेको वस्तुगत विवरणका आधारमा विद्यालयहरुमा उपलब्ध गराइने अनुदान तथा अन्य व्यवस्था सम्बन्धी निर्देशिका निर्माण गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र आठराई त्रिवेणी गाँउपालिका शिक्षा शिक्षा ऐन, २०७८ तथा शिक्षा नियमावली, २०७९ बमोजिम मिति २०८२/०४/३० गते बसेको कार्यपालिका बैठकले यो निर्देशिका पारित गरी जारी गरेको छ ।

## परिच्छेद - १

१. संक्षिप्त नाम र प्रारम्भ - (१) यस निर्देशिकाको नाम गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, २०८२ रहने छ ।

२. यो निर्देशिका कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

परिभाषा वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "विद्यालय" भन्नाले नेपाल सरकारको संघीय शिक्षा ऐन, नियमावलीमा स्थापित प्रारम्भिक विकास केन्द्र देखि कक्षा १२ सम्म अध्यापन गराइने शैक्षिक संस्थालाई बुझाउँछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा आठराई त्रिवेणी गाउँपालिका शिक्षा ऐन, २०७८ लाई सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले आठराई त्रिवेणी गाउपालिकाको शिक्षा नियमावली, २०७९ लाई सम्झनुपर्छ ।

(घ) "गाउँ सभा" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको गाँउसभालाई सम्झनु पर्नेछ ।

(ङ) "कार्यपालिका" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षा समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ को आधारमा गठित गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई त्रिवेणी गाँउको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "शाखा" भन्नाले आठराई त्रिवेणी गाउँपालिकाको शिक्षा सम्बन्धी काम गर्ने शाखालाई बुझाउछ ।

(झ) "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखामा काम गर्ने शाखा प्रमुख वा सो काम गर्न तोकिएको शिक्षा शाखाको कर्मचारी भनी बुझाउछ ।

(ञ) "वडा समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाको वडा समिति बुझ्नुपर्छ ।

(ट) "शिक्षा शाखा प्रमुख" भन्नाले गाउँपालिकाको शिक्षा शाखा अन्तर्गत काम गर्न तोकिएको शिक्षा समुहको कर्मचारी भन्ने बुझ्नाउन्छ ।

(ठ) "विद्यालय व्यवस्थापन समिति" भन्नाले आठराई त्रिवेणी गाँउपालिका शिक्षा ऐन, २०७८ (संसोधनसहित) को आधारमा गठित विद्यालयको व्यवस्थापन समिति भन्ने बुझाउछ ।

(ड) "शिक्षक अभिभावक संघ" भन्नाले आठराई त्रिवेणी शिक्षा नियमावली, २०७९ को आधारमा गठित शिक्षक र अभिभावकहरुको समिति पनि बुझाउछ ।

(ढ) "प्रधानाध्यापक, शिक्षक तथा कर्मचारी" भन्नाले विद्यालयमा शिक्षण सिकाइ प्रयोजनकालागि नियमानुसार नियुक्त प्रधानाध्यापक, शिक्षक, कार्यालय सहायक, कार्यालय सहयोगी लगायतका नियमानुसार नियुक्त शिक्षक तथ कर्मचारी भन्ने बुझाउछ ।

(ण) "अनुदान" भन्नाले आठराई त्रिवेणी गाँउपालिकाले विद्यालयको भौतिक विकास तथा निर्माण, शैक्षिक विकास, निर्माण, मर्मत सम्भार विद्यालय शिक्षक कर्मचारीहरुका लागि तलब भत्ता प्रोत्साहन पुरस्कार तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागी प्राप्त हुने नमुना विद्यालय अनुदान, दिवा खाजा, पोषाक, छात्रवृत्ति, शैक्षिक सामाग्रि, पाठ्य पुस्तक, खेलकुद आवासीय प्रबन्ध समेतका लागि प्रदान गरिने आर्थिक तथा प्राविधिक सहयोगलाई बुझाउछ ।

Scanned with OKEN Scanner

(त) "लेखा परिक्षण" भन्नाले विद्यालयको सामाजिक लेखा परीक्षण तथा स्वतन्त्र लेखा परीक्षण भन्ने वुझिन्छ ।

(थ) "अनुगमन" भन्नाले विद्यालयको काम कारवाही शिक्षण सिकाइको अवस्थाको गतिविधि सम्वन्धी अधिकार प्राप्त अधिकारीबाट मूल्याङ्कन तथा विश्लेषण गर्ने कार्य भनि बुझाउछ ।

(द) "दण्ड सजाय" भन्नाले प्रचलित कानून विपरित काम गर्ने व्यक्ति, विद्यालय शिक्षक कर्मचारी, विद्यार्थी, अभिभावक र विद्यालय रहेको समुदायको प्रतिकुल हुने गरी काम गर्ने गराउने व्यक्तिलाइ प्रचलित कानून अनुसार हुने सजाय भनि बुझाउछ ।

(ध) "पुरस्कार" भन्नाले विद्यालयहरुको सर्वाङ्गिण विकासमा हितकारी काम गरे वापत प्राप्त हुने प्रशंसा सम्मान वृतिविकास तथा नगद धनराशीलाइ बुझाउछ ।

२०८१/०४/३०

परिच्छेद - २

३. विद्यालयलाई दिने अनुदान सम्बन्धी व्यवस्था:

३.१ विद्यालयहरुमा गाउँपालिका मार्फत आवश्यकता तथा प्राथमिकताका आधारमा देहायका अनुदानहरु उपलब्ध हुनेछन:

३.१.१ माध्यमिक शिक्षा निशुल्क अनुदान तथा व्यवस्थापन

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| विद्यालयको संचालन तथा व्यवस्थापन, शिक्षक तलब भत्ता, भौतिक व्यवस्थापन, मर्मत संभार, फर्निचर, दिवा खाजा, शैक्षिक सामग्री, सांस्कृतिक तथा खेलकुद, छात्रवृती, परिक्षा संचालन, कोचिङ कक्षा, ट्युसन लगायत शैक्षिक गुणस्तर वृद्धिका लागि उपलब्ध स्रोत र साधनका आधारमा गाउँपालिकाको क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुलाई नियमित तथा विशेष अनुदान भन्ने बुझाउछ ।<br>अ) कक्षा १ देखी ३ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. ५,०००।– प्राप्त गर्न सक्नेछन ।<br>I. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद तथा शैक्षिक गुणस्तर वृद्धिको लागि – शतप्रतिशत<br>आ) कक्षा १ देखी ५ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. १००००।– प्राप्त गर्न सक्नेछन ।<br>II. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद तथा शैक्षिक गुणस्तर वृद्धिको लागि – शतप्रतिशत<br>अ) कक्षा १ देखी ८ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. #३५,०००।– प्राप्त गर्न सक्नेछन ।<br>III. विद्यालयमा स्टेसनरी, शैक्षिक सामग्री खरीद, सवै किसिमको परीक्षा संचालन, खेलकुद सामग्री खरीद तथा खेलकुद कार्यक्रम, शैक्षिक गुणस्तर वृद्धिको लागि – शतप्रतिशत<br>आ) कक्षा १ देखी १० सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. १,१५,०००।– प्राप्त गर्न सक्नेछन ।<br>I. विद्यालयमा स्टेसनरी तथा अतिरिक्त क्रियाकलाप – ५०००।-<br>II. सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क र विद्यालयको प्रशासनिक कामको लागि – ३५०००।-<br>III. खेलकुद – २३०००।-<br>IV. पानी, विद्युत तथा इन्टरनेटको महसुल – ७०००।–<br>V. कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान विषयको कोचिङ कक्षा संचालनको लागि ९० दिन कोर्ष पुरा गरेवापत १ विषयको रु. १५०००।- को दरले जम्मा रु. ४५,०००।– हुनेछ र अनिवार्य ९० दिन कोचिङ नपढाइ रकम निकासा गर्न विद्यालय वाध्य हुनेछैन । | - गाउँपालिका<br>- शिक्षा, युवा तथा खेलकुद शाखा<br>- विद्यालय<br>सहजीकरण/समन्वय<br>- वडा कार्यालय | - विद्यालयको प्रस्तावना<br>- कार्यन्वयनको लागि विद्यालय व्यवस्थापन समितिको निर्णय<br>- विल भर्पाई<br>(कक्षा १ देखी ५ सम्म संचालनमा रहेको विद्यालयहरुलाई अनुदान वितरण गर्न अनिवार्य माथी उल्लेखित प्रगती सूचक नभए पनि वाधा पर्ने छैन ।) |

2078/08/30

| | | |
|---|---|---|
| इ) कक्षा १ देखी १२ सम्म संचालित विद्यालयहरुले प्रति वर्ष रु. #४,८०,०००।– प्राप्त गर्न सक्नेछन ।(११ र १२ मा २ दरवन्दी भएका विद्यालयहरुका लागि)<br>I. विद्यालयमा स्टेसनरी तथा अतिरिक्त क्रियाकलाप – ५ प्रतिशत<br>II. शैक्षिक सामग्री खरीद – ५ प्रतिशत<br>III. (क) सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क, ट्रान्सक्रिप्ट शुल्क, परीक्षा संग सम्वन्धी कामको लागि विराटनगर जान वढीमा ५ दिनको ४ पटकसम्मको भ्रमण खर्च वा विद्यालय व्यवस्थापन समितिको निर्णयवमोजिम साथै शिक्षा विकास तथा सम्वन्वय इकाइ जादा लाग्ने खर्च विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम एक दिनको भ्रमण खर्च तथा यातायात खर्च आवस्यकता अनुसार र शिक्षक व्यवस्थापन सहित – ७० प्रतिशत (विद्यालयहरुले प्रा.वि./नि.मा.वि./मा.वि. तहमा कार्यरत शिक्षकहरुलाई कक्षा ११ र १२ वाहेकको कक्षामा कम्तीमा ४ कार्यघण्टा गणना गरी वाकी रहेको एक कार्य घण्टको रु. १५०० को दरले प्रति विषय मासिक र उ.मा.वि. शुन्य दरवन्दीमा रहेका एक शिक्षक वरावर सोही तहमा कम्तिमा दैनिक ४ कार्य घण्टा गणना गरी वाकी रहेको एक कार्य घण्टको रु. १५०० को दरले प्रति विषय मासिक उपलव्ध गराउन सकिनेछ )।<br>(ख) कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान विषयको कोचिङ कक्षा संचालनको लागि ९० दिन कोर्ष पुरा गरेवापत १ विषयको रु. १५०००।- को दरले जम्मा रु. ४५,०००।– हुनेछ र अनिवार्य ९० दिन कोचिङ नपढाइ रकम निकासा गर्न विद्यालय वाध्य हुनेछैन ।<br>IV. खेलकुद – १५ प्रतिशत<br>V. पानी, विद्युत तथा इन्टरनेटको महसुल – ५ प्रतिशत<br>ई) कक्षा १ देखी १२ सम्म संचालित विद्यालयहरु (११ र १२ मा शुन्य दरवन्दी भएका विद्यालयहरुका लागि) प्रति वर्ष रु. #११,२४,०००।– प्राप्त गर्न सक्नेछन ।<br>I. विद्यालयमा स्टेसनरी तथा अतिरिक्त क्रियाकलाप – रु. ३००००।-<br>II. शैक्षिक सामग्री खरीद – २००००।–<br>III. खेलकुद- ७००००।–<br>IV. पानी, विद्युत तथा इन्टरनेटको महसुल – २४०००।–<br>VI. (क) सवै किसिमको परीक्षा संचालन, रजिष्ट्रेशन शुल्क तथा परीक्षा आवेदन शुल्क, ट्रान्सक्रिप्ट शुल्क, परीक्षा संग सम्वन्धी कामको लागि विराटनगर जान वढीमा ५ दिनको ४ पटकसम्मको भ्रमण खर्च | | |

२०८१।०४।३०

तथा शिक्षा विकास तथा सम्वन्वय इकाइ जादा लाग्ने खर्च विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम एक दिनको भ्रमण खर्च तथा यातायात खर्च अविस्यकता अनुसार र शिक्षक व्यवस्थापन सहित – ३,३६,०००।- (शुन्य दरवन्दी व्यवस्थापन वाहेकको रकम) (विद्यालयहरुले प्रा.वि./नि.मा.वि./मा.वि. तहमा कार्यरत शिक्षकहरुलाई कक्षा ११ र १२ वाहेकको कक्षामा कम्तीमा ४ कार्यघण्टा गणना गरी वाकी रहेको एक कार्य घण्टको रु. १५०० को दरले प्रति विषय मासिक र उ.मा.वि. शुन्य दरवन्दीमा रहेका एक शिक्षक वरावर सोही तहमा कम्तिमा दैनिक ४ कार्य घण्टा गणना गरी वाकी रहेको एक कार्य घण्टको रु. १५०० को दरले प्रति विषय मासिक उपलव्ध गराउन सकिनेछ )।

(ख) कक्षा १० मा अंग्रेजी, गणित र विज्ञान विषयको कोचिङ कक्षा संचालनको लागि ९० दिन कोर्ष पुरा गरेवापत १ विषयको रु. १५०००।- को दरले जम्मा रु. ४५,०००।– हुनेछ र अनिवार्य ९० दिन कोचिङ नपढाइ रकम निकासा गर्न विद्यांलय वाध्य हुनेछैन ।सो खर्च माथी तोकिएको ३,३६,०००।- वाट नै गर्नुपर्नेछ ।

V. शुन्य दरवन्दी व्यवस्थापन (कक्षा ११ र १२) को लागि मासिक रु. #४८७४७।- दरले १३ महिनाको र पोशाक भत्ता रु. १०००० सहित रु.·६४३५८१।-

उ) नमुना विद्यालय सम्वन्धी अनुदान

गाउँपालिकाद्वारा छनौट गरीएको श्री परमसिंहदेवी मा.वि.लाई नमुना विद्यालय अन्तर्गतको आ.व. २०८२/८३ मा रु. १५ लाख दिइनेछ । नमुना विद्यालयले गाउँपालिकाले सूचना प्रकाशन गरेको ७ दिन भित्रमा प्रस्तावना तयार पारी विद्यालय व्यवस्थापन समितिवाट उक्त प्रस्तावना स्वीकृतीको लागि वडाको सिफारीस सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ । पेश गरेको प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी लागु हुनेछ। विद्यालयले अधिकतम रुपमा शैक्षिक गुणस्तर वृद्धि सम्वन्धी क्रियाकलाप गर्नुपर्ने छ । नमुना विद्यालय अन्तर्गतको अनुदान ३० प्रतिशत वा सो वरावर विद्यालयले माग गरेको अनुदान असोज मसान्त भित्रमा उपलव्ध गराइने त्यस्तै अर्को ३० प्रतिशत अनुदान प्रथम पटक प्राप्त गरेको अनुदानको कार्यालयले अनुगमन गरी उक्त वजेट खर्च भएको यकिन गरी अनुगमन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गरे पश्चात पुस मसान्त भित्रमा उपलव्ध गराउन सकिनेछ साथै वाकी रहेको अनुदान गाउँपालिकाको अनुगमन पश्चात प्रथम र दोस्रो पटकको अनुदान रकम खर्च भएको यकिन गरी विद्यालयलाई वैसाख मसान्त भित्रमा उपलव्ध गराइने छ । अनुदान रकम निरन्तर रुपमा यो आ.व. सहित ३ आ.व सम्म प्राप्त गर्नेछ । विद्यालयले खर्च गर्दा देहाय वमोजिम गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| I. प्रशासनिक तथा कार्यालय व्यवस्थापन – रु. ८५०००।-<br>II. शैक्षिक गुणस्तर वृद्धि सम्वन्धी कार्यक्रम – ४५४१९।-<br>III. डिजिटल कक्षा व्यवस्थापन – रु. ७,२६,०००।-<br>IV. शुन्य दरवन्दी व्यवस्थापन (कक्षा ११ र १२) मार्फत एक दरवन्दी प्राप्त रहेकोमा उ.मा.वि. कक्षा ११ र १२ व्यस्थापनको लागि मासिक रु. #४८७३७।– का दरले १३ महिनाको र पोशाक भत्ता रु. १०००० दिन सकिनेछ सहित रु. ६४३५८१।-<br>माथि उल्लेखित अनुदान खर्च भई सकेपश्चात विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस र गाउँपालिकावाट भएको अनुगमनको प्रतिवेदन तथा विद्यालय व्यवस्थापन समितिवाट प्रमाणित गराई कार्यसम्पन्न प्रतिवेदन तथा सार्वजानिक सुनुवाईको प्रतिलिपी सहित असार २० गते भित्रमा गाउँपालिकामा माध्यमिक तह (कक्षा ९-१० तथा कक्षा ९-१२) संचालित विद्यालयहरुले अनिवार्य पेश गर्नपर्नेछ तर अन्यको हकमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने छैन तर गाउँपालिकाले अनुगमनको वेला विल भर्पाई चेकजाँच गर्न सक्नेछ । | | |

३.१.२ गाउँपालिका स्तरीय वार्षिक परीक्षा संचालन तथा व्यवस्थापनः

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| गाउँपालिका स्तरीय वार्षिक परीक्षा संचालन तथा व्यवस्थापनको लागि गाउँपालिकावाट रु. ६ लाख ५० हजार विनियोजन भएको छ ।शिक्षा युवा तथा खेलकुद शाखाले तयार पारेको कार्यक्रम प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतद्वारा प्रमाणित गरी शाखाले उक्त कार्यक्रम कार्यन्वयन गर्नेछ ।<br>उक्त अनुदानले देहायको कार्य गर्न सक्नेछ ।<br>- प्रश्न पत्र निर्माण तथा छपाई<br>- प्रश्न निर्माणकर्ताहरुलाई भत्ता<br>(प्रति विषय कक्षा १-५ को लागि रु. ७००, कक्षा ६-८ को लागि रु. ८०० तथा कक्षा ९ को लागि रु. ९००)<br>- परीक्षाको लागि चाहिने आवश्यक सामग्री खरीद<br>- उत्तरपुस्तिका खरीद<br>- उत्तरपुस्तिका परीक्षणकर्तालाई भत्ता<br>(कक्षा ८ को परीक्षण गरेवापत प्रति उत्तरपुस्तिका रु. २५का दरले)<br>- केन्द्र व्ययस्थापन खर्च प्रति विद्यालय रु. ५०००।- (कक्षा ८ को लागि मात्र)<br>- परीक्षा केन्द्राध्यक्ष प्रति दिन रु. १००० (कक्षा ८ को लागि) रु. ७०० (कक्षा १-१० को लागि कक्षा ८ | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद . शाका (शाखा<br>- विद्यालय | - कार्यसम्पन्न प्रतिवेदन<br>- अनुगमन प्रतिवेदन |

२०८१/०४/३०

| | | |
|---|---|---|
| रहेको केन्द्र वाहेक अन्य विद्यालयको लागि)<br>- परीक्षा समिति पदाधिकारीहरुलाई प्रति बैठक रु. १५०० का दरले<br>- परीक्षा समिति वाहेक परीक्षाको तयारीको लागि खटिने कर्मचारीहरुलाई दैनिक रु. १००० का दरले | | |

३.१.३ प्रस्तावको आधारमा शिक्षकको क्षमता विकास तालिम

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| प्रत्येक विद्यालयमा अध्यापनरत शिक्षकहरुवाट शिक्षकहरुलाई आवश्यक रहेको तालिमको निवेदन माग गर्ने र प्रस्तावको आधारमा शिक्षकहरुलाई कम्तिमा ४ वटा तपसिलको तालिमहरु संचालन गर्न सकिनेछ ।<br>तपसिलः<br>क) टि पि डि तालिम (स्थायी शिक्षकको लागि)<br>ख) विषयगत क्षमता विकास तालिम<br>ग) प्रविधिमा आधारित तालिम<br>घ) Item Bank Writing Training<br>ङ) यहाँ उल्लेखित वाहेक शिक्षकहरुको माग निवेदनको आधारमा | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाका (शाखा<br>- विद्यालय | -माग निवेदन<br>- शाखावाट कार्यक्रमको लागि प्रस्तावना<br>- कार्यक्रम सम्पन्न प्रतिवेदन<br>- अनुगमन (गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास संयोजक तथा प्रमुख प्रशासकीय अधिकृत |

३.१.४ आनेपान, शेर्पा तथा मगर भाषा पठनपाठन अनुदान

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| यस आठराई त्रिवेणी गाउँपालिकाको प्रत्येक वडामा रहेको सामुदायिक विद्यालयहरु मध्ये गाउँपालिका गाउँकार्यपालिकाले निर्णय गरेको विद्यालयहरुको लागि प्रत्येक वडामा कम्तिमा १ वटा पर्ने गरी आनेपान र कोर्लङ्गे आ.वि.मा शेर्पा भाषा तथा शान्ती आ.वि. मा मगर भाषा पाठनपाठनको लागि शिक्षक रहने छ । गाउँपालिकाले एक शिक्षकको मासिक रु. १५,०००।– का दरले विद्यालयको खातामा रकम १३ महिना र पोशाक भत्ता पठाउने छ । | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाका (शाखा<br>- विद्यालय | - विद्यालयको तलव भत्ता माग फारम<br>- तलवी भर्पाई |

२०८१/०४/३०
तिर्थेन्द्र चोङ्बु
अध्यक्ष

Scanned with OKEN Scanner

३.१.५ वालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीका लागि तलव व्यवस्थापन

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| यस आठराई त्रिवेणी गाउँपालिका भित्र कार्यरत वालविकास सहजकर्ताहरुलाई संघिय सरकारवाट प्राप्त १२ हजार , विद्यालय कर्मचारी (कार्यालय सहायक) लाई १५ हजार र विद्यालय कर्मचारी (कार्यालय सहयोगी) लाई १० हजार अनुदान प्राप्त हुन्छ जसमा वालविकास सहजकर्तालाई गाउँपालिकावाट मासिक ५००० को दरले, विद्यालय कर्मचारी (कार्यालय सहायक) लाई २००० र विद्यालय कर्मचारी (कार्यालय सहयोगी) लाई ५००० रकम गाउँपालिकाले थप गर्न सक्नेछ । | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाखा<br>- विद्यालय | - तलवी माग फारम<br>- तलवी भर्पाई |

३.१.६ विद्यार्थी संग अध्यक्ष कार्यक्रम

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
|---|---|---|
| यस आठराई त्रिवेणी गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको समस्याहरु तथा उनीहरुको मागहरुसंग प्रत्यक्ष साक्षत्कार गर्न तथा विद्यार्थीहरुको पढाइसंग भएको कठिनाईलाई अध्यक्षले वुझि तत्काल समाधान गर्न सक्ने विषयमा छलफल गर्ने र उक्त छलफलमा भाग लिने विद्यार्थी, शिक्षक तथा गाउँपालिकाका पदाधिकारीहरुलाई स्टेसनरी, खाजा लगायतमा व्यवस्थापन गर्न सक्नेछन ।<br>माथी उल्लेखित वाहेक गाउँपालिका अध्यक्ष ज्युको उपस्थितिमा खेलकुद कार्यक्रम, साहित्यिक कार्यक्रम तथा शैक्षिक कार्यक्रम विद्यार्थीहरुलाई प्रत्यक्ष लाभ हुने खालको अतिरिक्त क्रियाकलाप संचालन गर्न सकिनेछ । उक्त कार्यक्रमहरुमा पुरस्कार, व्यवस्थापन, सहभागीहरुलाई खाना, खाजा उपलब्ध गराउन सकिनेछ साथै उक्त खेलकुद प्रतियोगितामा व्यवस्थापन गर्न गाउँपालिका कर्मचारी वाहेकको व्यक्तिलाई प्रतिदिन १५०० को दरले उपलब्ध गराउन सकिनेछ ।<br>तथा गाउँपालिकावाट खटिने पदाधिकारीहरु तथा कर्मचारीहरुलाई खाना, खाजा वापत रु. ५०० का दरले उपलब्ध गराउन सकिनेछ । | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाखा<br>- विद्यालय | - कार्यक्रम प्रस्तावना<br>- कार्यसम्पन्न प्रतिवेदन |

२०८२/०८/३०
दिपेन्द्र पोमु
अध्यक्ष

### ३.१.७ विघालयको अनुगमन, मूल्याङ्कन खर्च

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
| --- | --- | --- |
| यस गाउँपालिका भित्रका सामुदायिक विघालयहरुको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास संयोजक, शिक्षा शाखाको कर्मचारी तथा आवश्यक रहेको खण्डमा शिक्षा शाखावाट अनुगमनको लागि अन्य पदाधिकारीहरुलाई वोलाउन सक्ने साथै गाउँपालिकमा अनुगमन प्रतिवेदन पेश गर्ने र उक्त अनुगमनमा भाग लिने पदाधिकारीहरुलाई खाना, खाजा र यातायत खर्च वा डिजेल वा पेट्रोल खर्च उपलब्ध गराउने | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाखा<br>- विघालय | - कार्यक्रम प्रस्तावना<br>- कार्यसम्पन्न प्रतिवेदन |

### ३.१.८ जिल्ला स्तरीय राष्ट्रपति खेलकुद कार्यक्रममा सहभागी खर्च

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
| --- | --- | --- |
| विद्यालय स्तरीय प्रतियोगितावाट छनौट भएका विद्यार्थीहरुलाई जिल्ला स्तरीय प्रतियोगितामा भागमा लिन जादाँ आवश्यक गाडी भाडाँ, खाना, खाजा, आवास र अन्य खेलकुदसंग आवश्यक वस्तु व्यवस्थापनको लागि खर्च गर्न सकिने | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाखा<br>- विघालय | - कार्यक्रम प्रस्तावना<br>- कार्यसम्पन्न प्रतिवेदन |

### ३.१.९ गाउँपालिका स्तरीय (माध्यमिक विघालयहरुको) राष्ट्रपति खेलकुद कार्यक्रममा सहभागी खर्च

| क्रियाकलाप र कार्यवन्यन प्रक्रिया | जिम्मेवारी | प्रगती सुचक |
| --- | --- | --- |
| विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा भाग लिन आउने विद्यार्थीहरुलाई खाना, खाजा र अन्य खेलकुदसंग आवश्यक सामग्री व्यवस्थापन, रेफ्रि तथा प्रशिक्षकलाई यातायत तथा दैनिक रु. १५०० का दरले भत्ता, खाना र खाजा, कर्मचारीहरुलाई खाना र खाजा र उपस्थित जनप्रतिनिधिहरुलाई खाना, खाजा र उद्घाटन तथा समापान सत्रको लागि आवश्यक तयारी, ट्रफी, मेडल र प्रमाण पत्र व्यवस्थापन तथा पालिका प्रथमलाई पुरस्कार वापत रु. १५०००।-, पालिका द्वितियलाई पुरस्कार वापत रु. १२०००।- र तृतियलाई पुरस्कार वापत रु. १००००।- दिन सकिनेछ तथा मार्च पासको प्रथम, द्वितिय तथा तृतियलाई क्रमस ३०००, २००० र १००० दिन सकिनेछ । | - गाउँपालिका<br>- शिक्षा युवा तथा खेलकुद शाखा<br>- विघालय | - कार्यक्रम प्रस्तावना<br>- कार्यसम्पन्न प्रतिवेदन |

२०८१/४/३०

३.२ विद्यालयहरुलाइ उपलब्ध गराइने अनुदानका श्रोतहरु देहाय बमोजिम रहनेछनः

अ) नेपाल सरकारबाट आउने अनुदान

आ) प्रदेश सरकारबाट आउने अनुदान

इ) नेपाल सरकार संविधान प्रदत्त निकाय वा प्रदेश र स्थानीय सरकारसंग सम्झौता वा अनुमति लिइ प्राप्त हुने राष्ट्रसंघीय अन्तराष्ट्रिय वा राष्ट्रिय सरकारी तथा गैह सरकारी एवं स्थानीय र संघ संस्था एवं व्यक्ति वा समुहबाट प्राप्त हुने रकम

ई) गाउपालिकावाट विनियोजित अनुदान

४. अनुदान वितरणका आधारहरुः

गाउँपालिकावाट संचाल गर्ने कार्यक्रमहरु विद्यालयहरुको आवश्यकतालाई ध्यान दिई गाउँ सभा तथा कार्यापालिकावाट विनियोजन गरेको रकमवाट गाउँपालिका अध्यक्षको राय तथा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतीमामा देहायमा उल्लेख गरेको आधारहरु मात्र वाध्य नहुने गरी संचालन गर्न सकिनेछ साथै विद्यालयहरुको हकमा देहायको आधारहरु मध्ये कम्तिमा दुई वटा अवलम्वन गर्नुपर्नेछ ।

क) विद्यालय अनुदान वितरणका आधारहरु देहाय बमोजिम हुनेछनः

अ) माध्यमिक तह कक्षा ११ र १२ गाउँपालिकावाट अनुमति पाई संघिय शशर्त अनुदान नपाएका विद्यालयलाई कक्षा ११ र १२ अध्यापन गराउन एउटा दरवन्दी व्यवस्थापन तथा नमुना अनुदान अन्तर्गतवाट एउटा गरी जम्मा २ वटा दरवन्दी व्यवस्थापन गर्न सकिनेछ ।

आ) शिक्षक, विद्यार्थी अनुपात कक्षा, तह र विद्यालयको समग्र अवस्थाको आधारमा अनुदान उपलब्ध गराउन सकिने

इ) विद्यालय निर्माण गरेको विद्यालय सुधार योजना, वार्षिक शैक्षणिक योजना, शैक्षिक उपलब्धि, परीक्षा नतिजा र शिक्षण सुधार योजनाका आधारमा अनुदानलाई प्राथमिकता दिने ।

ई) विद्यालयमा रहेको समुदायको शैक्षिक अवस्था साँस्कृतिक अवस्था, अभिभावकको चेतना र आर्थिक सामाजिक अवस्था हेरी अनुदानलाई प्राथमिकता दिने ।

उ) अभिभावक सहभागिता, निजी तथा सामुदायिक र सार्वजनिक साझेदारी, विगतमा प्राप्त श्रोत साधनको सदुपयोग र उपलव्धीका आधारमा अनुदान दिन प्राथमिकता दिने ।

ऊ) विद्यालयको भौतिक अवस्था, कक्षाकोठा भवन, शैक्षिक सामाग्रि, विज्ञान तथा अन्य प्रयोगात्मक सामाग्री, पुरस्तकालय, खानेपानी, खेलमैदान घेरावारा, चेतनामूलक कार्यक्रमहरु, गोष्ठी, तालिमको आवश्यकता तथा अन्य पुर्वाधारको निर्माणको लागि अनुदान दिन सकिने।

ऋ) वढ्दो महङ्गी कारण संघिय सरकारवाट विद्यालयहरुलाई प्राप्त अनुदानले विद्यालयको न्युनतम अवस्थामा संचालन गर्न समस्या भएकोले सो समस्या हल नभएसम्म विद्यालयहरुलाई गाउँपालिकावाट अनुदान उपलब्ध गराउन सकिने ।

ॡ) गाउँपालिकाको स्रोतका आधारमा अनुदान विनियोजन गर्न सकिने ।

ऍ) विद्यालय स्तरमा खेलाडीहरु उत्पादन गर्ने उद्देश्यका साथ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गाउँपालिकाले वजेट विनियोजन गर्न सकिने ।

ऐ) विद्यालयहरुमा गाउँपालिकाले प्रत्यक्ष रुपमा लाभ पुग्ने कार्यक्रम संचालनको लागि वजेट/अनुदान विनियोजन गर्न सकिने ।

५. अनुदान खर्च तथा वितरण प्रक्रियाः

क) विद्यालयलाई दिइने अनुदान वितरण प्रकृया देहाय बमोजिम हुनेछः

अ) विद्यालयको निवेदन

आ) विद्यालय व्यवस्थापन समितिको निर्णय

इ) कार्यक्रम प्रस्तावना

विद्यालयको निवेदन, विद्यालय व्यवस्थापन समितिको निर्णय र कार्यक्रम प्रस्तावना सहित कक्षा १- ५ चलेका विद्यालय देखि बाहेकको विद्यालयले गाउँपालिकामा पेश गर्नुपर्नेछ । विद्यालयले पेश गरेको कार्यक्रम प्रस्तावना प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरेपछी विद्यालयले अनुदान खर्च गर्न सक्नेछ । प्रथम पटक विद्यालयलाई शुल्क दरबन्दी अनुदान कक्षा ११ र १२ तथा नमुना विद्यालय अन्तर्गतको अनुदान ३० प्रतिशत अनुदान असोज मसान्त भित्रमा उपलब्ध गराइने त्यस्तै अर्को ३० प्रतिशत अनुदान प्रथम पटक प्राप्त गरेको अनुदानको कार्यालयले अनुगमन गरी उक्त बजेट खर्च भएको यकिन गरी अनुगमन प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गरे पश्चात पुस मसान्त भित्रमा उपलब्ध गराउन सकिनेछ साथै बाकी रहेको अनुदान गाउँपालिकाको अनुगमन पश्चात प्रथम र दोस्रो पटकको अनुदान रकम खर्च भएको यकिन गरी विद्यालयलाई वैसाख मसान्त भित्रमा उपलब्ध गराइने छ तथा बाकी विद्यालयहरुलाई ५० प्रतिशत अनुदान मंसिर मसान्त भित्रमा उपलब्ध गराइनेछ र सोको अनुगमन गरी खर्च भएको यकिन गरी बाकी ५० प्रतिशत अनुदान वैसाख मसान्त भित्रमा उपलब्ध गराइनेछ ।

ख) गाउँपालिकाले खर्च गर्ने बजेट तथा कार्यक्रमहरु देहायको प्रकृया बमोजिम गर्न सकिने छ

अ) गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाले तयार पारेको प्रस्तावना

आ) पुजिँगतको लागि इन्जिनियरिङ इस्टमेट

शिक्षा युवा तथा खेलकुद शाखाले तयार पारेको प्रस्तावनालाई प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी शिक्षा युवा खेलकुद शाखाले कार्यक्रम संचालन गर्ने छ ।

## परिच्छेद - ३

६. विद्यालयलाई दिइने अनुदानको कार्यान्वयन

क) विद्यालयलाई दिइने अनुदानको कार्यान्वयन देहाय बमोजिम हुनेछः

अ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी प्रतिनिधिहरुको संयुक्त वैठकवाट विद्यालयको समस्याको प्राथमिकरण गर्नुपर्नेछ ।

आ) तोकिएको शिर्षकमा प्राप्त भएको रकम सोहि शिर्षकमा नियमानुसार खर्च गर्नुपर्नेछ ।

इ) प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख, आर्थिक प्रशासन शाखा प्रमुख, आ.ले.प., प्रशासन शाखा प्रमुख तथा आवश्यकता अनुसार गाउँपालिकाको कर्मचारीहरुले निकासा भएको अनुदान नियमानुसार खर्च भए नभएकोबारे जाँचबुझ अनुगमन र निरिक्षण गर्नुपर्नेछ ।

ई) प्रदान गरिने अनुदानको प्रभावकारीता र अवस्थाबारे शिक्षा शाखा मार्फत गाउँ शिक्षा समितिमा जानकारी गराउनु पर्नेछ।

ख) शिक्षा युवा तथा खेलकुद शाखाले बजेट कार्यान्वयन देहाय बमोजिम हुनेछः

अ) प्रस्तावना स्वीकृत (कक्षा १-५ देखी वाहेक)

आ) अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास संयोजक तथा वडा अध्यक्षहरुले नियमानुसार खर्च भए नभएकोबारे जाँचबुझ अनुगमन र निरिक्षण गर्नुपर्नेछ ।

इ) विल भर्पाई

ई) कार्यसम्पन्न प्रतिवेदन विद्यालय व्यवस्थापन समितिद्वारा प्रमाणीत (कक्षा १-५ देखी वाहेक)

उ) अभिभावक भेलामा सार्वजनिक सुनुवाई गरी सोको प्रतिलिपी (कक्षा १-५ देखी वाहेक)

२०८१/१८/३०

Scanned with OKEN Scanner

## परिच्छेद - ४

७. शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने कार्यक्रम तथा विद्यालयलाई प्रदान गरिएको अनुदानको अनुगमनः

क) अनुदान खर्च भएको अनुगमन ऐन, नियमावली, कार्यविधि र निर्देशिका अनुसार परिचालन भए नभएको बारेमा देहायका व्यक्ति, पदाधिकारी संघ संस्थाहरूले अनुगमन गर्न सक्नेछन् ।

अ) सरोकारवाला निकायका खटिई आउने पदाधिकारीहरु ।

आ) गाँउपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरु ।

## परिच्छेद - ५

८. शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने कार्यक्रम तथा विद्यालयलाई प्राप्त अनुदानको लेखा परीक्षण सम्बन्धी व्यवस्थाः

क) विद्यालयहरुलाई प्राप्त भएको अनुदानको आम्दानी र खर्च प्रचलित ऐन नियम र कार्यविधिअनुसार भएको लेखा राखे र लेखा परिक्षण (सार्वजनिक लेखा परीक्षण, सामाजिक लेखा परीक्षण तथा लेखा परीक्षण) गराउने दायित्व विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र आर्थिक कारोबार गर्ने शिक्षक कर्मचारीको हुनेछ । माथि परिच्छेद २ दफा ३ उपदफा अ देखि ऊ सम्मको निकाशा गर्दा ताका विल भर्पाई पेश गर्नुपर्ने छैन तर खर्च भई सकेपछिको विल भर्पाई गाउँपालिकाले माग गरेको वखत अनिवार्य वुझाउनुपर्नेछ।

ख) शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने कार्यक्रमको लेखा परीक्षण म.ले.प. द्वारा हुनेछ ।

## परिच्छेद - ६

९. दण्ड सजाय र पुरस्कार सम्बन्धी व्यवस्थाः

क) सजाय सम्बन्धी व्यवस्थाः

अ) विद्यालयलाई प्राप्त भएको अनुदान चल अचल सम्पत्ति नियमानुसार खर्च नभएमा, हिनामिना भएमा वा तोकिएको शिर्षकमा खर्च नगरिएको देखिएमा सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिहरुलाई स्पष्टिकरण, तलव भत्ता रोक्का गर्ने लगायत नियमानुसार विभागीय कारवाही एवं दण्ड सजाय हुनेछ साथै शिक्षा युवा तथा खेलकुद शाखाले गर्ने कार्यक्रम नियमानुसार नभएमा प्रचलित कानुन अनुसार हुनेछ ।

ख) पुरस्कार सम्बन्धी व्यवस्थाः

अ) विद्यालयलाई प्राप्त अनुदानको सदुपयोग भएको विद्यालय, शिक्षक, विद्यार्थी तथा अभिभावकको पक्षमा सकरात्मक र रचनात्मक काम भएको देखिएमा सम्बन्धित विद्यालयलाई पुरस्कृत गर्न सकिनेछ । यस्तो पुरस्कार प्रशंसा तथा सम्मान शिक्षा दिवस, लोकतन्त्र दिवस, विद्यालयको बार्षिक उत्सव तथा अभिभावक दिवस, गाउँ सभा तथा अन्य दिवसहरुमा सार्वजनिक रुपमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे वमोजिम प्रदान गरिनेछ ।

Scanned with OKEN Scanner

## परिच्छेद - ७

१०. बचाउः

यो निर्देशिका लागु हुनुपूर्व गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, २०८१ बमोजिम विद्यालयहरुले प्राप्त गरेका अनुदानहरु गाउँपालिका शैक्षिक तथा खेलकुद अनुदान (सामुदायिक विद्यालय) निर्देशिका, २०८२ बमोजिम भएको मानिनेछ ।

२०८२/०४/३०

प्रमाणीकरण गर्ने :-

दिपेन्द्र योमु

गाउँपालिका अध्यक्ष

आठराई त्रिवेणी गाउँपालिका ताप्लेजुङ

संशोधन प्रमाणीकरण मिति :-

दिपेन्द्र योमु
अध्यक्ष

Scanned with OKEN Scanner

# अनुदान सम्झौता

आठराई त्रिवेणी गाउँपालिकाको कार्यालय, हाङपाङ, ताप्लेजुङ (यस पछि पहिलो पक्ष भनिएको) र ताप्लेजुङ जिल्ला आठराई त्रिवेणी गाउँपालिका वडा नं. ......... मा रहेको श्री ..........................................................मा कार्यरत प्रधानाध्यापक श्री ...........................................(यस पछि दोस्रो पक्ष भनिएको) का विच चालु आर्थिक वर्ष.............................................मा गाउँपालिकाबाट विनियोजित ..............................................अन्तर्गत माध्यमिक शिक्षा निशुल्क अनुदान/ पालिकाको नमुना विद्यालय स्थापना वापत अनुदानको रकम रु. .....................(अक्षरेपि- ................................................. रूपैया मात्र ।) सम्वन्धित विद्यालयमा निकासा गर्न देहायका शर्तको अधिनमा रहि यो अनुदान सम्झौता गरि आपसमा एक एक प्रति बुझि लियौं, दियौं।

१. गाउँपालिकाले व्यहोर्ने रू......................................

२. खुद निकाशा रकमः रु..............................................

## शर्तहरु

१. दोस्रो पक्षले योजना पहिलो पक्ष (गाउँपालिका) प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत गराई शैक्षिक अनुदान/पालिकाको नमुना विद्यालय स्थापना अनुदान अन्तर्गतका क्रियाकलापहरुको कार्यन्वयन प्रक्रियामा व्यवस्था भए वमोजिम दोस्रो पक्षले प्रचलित सार्वजिक खरिद ऐन,२०६३ मा उल्लेखित प्रावधानका आधारमा कार्यसम्पादन गर्नुपर्नेछ।

२. दोस्रो पक्षले आफ्नो विद्यालयको व्यवस्थापन समिति मार्फत तोकिएको कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

३. दोस्रो पक्षले अनुदान बापत निकासा गरिएको रकम र सो बमोजिम सम्पादित कार्यमा अन्तिम लेखापरीक्षण प्रचलित कानुन बमोजिम विद्यालयबाट नै गराउनुपर्नेछ।

४. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यप्रगतिका आधारमा विद्यालयको खातामा निकासा हुनेछ ।

५. अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

<u>दोस्रो पक्षको तर्फबाट</u>

हस्ताक्षरः

नाम,थरः

दर्जाः प्रधानाध्यापक

मितिः

कार्यालयको छापः

<u>पहिलो पक्षको तर्फबाट</u>

हस्ताक्षरः

नाम,थरः श्री

पदः प्रमुख प्रशासकीय अधिकृत

मितिः

कार्यालयको छापः

<u>साक्षी</u>

हस्ताक्षरः

नाम,थरः

पदः शिक्षा शाखा प्रमुख

Scanned with OKEN Scanner